# कनकाई नगरपालिकाद्वारा प्रकाशित

# कनकाई राजपत्र

खण्डः ४ सङ्ख्याः १७ प्रकाशन मितिः २०७९/०६/०२

कार्यपालिकावाट स्वीकृत मिति २०७९/०६/०१

## भाग - २

## आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७५ लाई संसोधन गर्न बनेको कार्यविधि २०७९

**प्रस्तावनाः-** कनकाई नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि २०७५ लाई संशोधन गर्न बाञ्छनीय भएकोले नगर कार्यपालिकाले यो कार्यविधि बनाई कनकाई नगरपालिकाको मिति २०७९/०६/०१ गतेको कार्यपालिका बैठकबाट यो "आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी (पहिलो संसोधन) कार्यविधि २०७९" स्वीकृत गरी लागू गरिएको छ।



१.**संक्षिप्त नाम र प्रारम्भः-**(१) यस कार्यविधिको नाम " आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी (पहिलो संसोधन) कार्यविधि २०७९" रहेको छ ।

(२) यो कार्यविधि तुरून्त लागू हुनेछ ।

२. **आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ मा संसोधनः-** आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ को उपदफा १ को " तर कनकाई नगरपालिकाको...............सकिने छ ।" भन्ने व्यवस्थाको सट्टामा देहायको व्यवस्था राखिएको छः-

"तर कनकाई नगरपालिकाको आन्तरिक आय बृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा ३ बर्षसम्मको लागि एक पटक कार्यपालिकाको निर्णय बमोजिम ठेक्का बन्दोबस्त गर्न सकिने छ।"

३. **आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ मा संसोधनः** मूल कार्यविधिको दफा ३ को उपदफा ४ को खण्ड (ग) र (घ) हटाई सो को सट्टामा देहायको व्यवस्था राखिएको छः-

"(ग) खण्ड (क) बमोजिमको कार्यान्वयन कार्य योजनाको आधारमा कुनै आन्तरिक आय एक लाख रूपैया भन्दा कम उठ्ने भएमा सोझै वार्ताद्वारा र सो भन्दा माथि उठ्ने भएमा बोलपत्र/दरभाउ पत्र आव्हान गरी सम्झौता गर्नु पर्नेछ।"

"(घ) खण्ड (ग) बमोजिम बोलपत्र आह्वान गर्दा बीसलाख रूपैयासम्म भए स्थानिय वा राष्ट्रियस्तरको नियमित प्रकाशन हुने पत्रिकामा कम्तिमा पन्ध्र दिनको म्याद लिई सूचना प्रकाशन गर्नुपर्नेछ । बीस लाख रूपैया भन्दा

बढी भएमा तीस दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन र E-Bidding /Hard-bid समेत गर्नु पर्नेछ।"

४. **आन्तरिक आय संकलन (ठिक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ मा संसोधनः** मूल कार्यविधिको दफा ३ को उपदफा ८ मा देहाएको खण्ड (क१) थप गरिएको छः-

"(क१) प्रमुख प्रशासकिय अधिकृत सदस्य "

५. **आन्तरिक आय संकलन (ठिक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७५ को दफा ४ मा संसोधनः** मूल कार्यविधिको दफा ४ मा देहाएको उपदफा ३ क थपिएको छः-

"(३क) दफा ३ बमोजिमको धरौटी वा बैंक ग्यारेन्टी लिई स्वीकृत गर्नुपर्ने कबोल गर्नेवालाले जम्मा रकम संलग्न गर्न नसकेमा उक्त रकमको तीस प्रतिशत वा सो भन्दा बढी रकम जम्मा गरी बढीमा पन्ध्र दिनका लागि अस्थायी इजाजत लिन सक्नेछ र सो पश्चात सम्पूर्ण रकम जम्मा गरी डाँक स्वीकार गर्नुपर्ने छ । सो गरेको खण्डमा नियमानुसार प्राप्त हुने छुट लिन बाधा पर्ने छैन।"

आज्ञाले
मोहनप्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत